गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**स्वास्थ्य कार्यालय बागलुङ**
नेपाल

*मासिक*
# जनस्वास्थ्य बुलेटिन

**वर्षः २ | अंकः १५ | महिनाः १५ | चैत्र २०८०**

## हार्दिक बधाई तथा शुभकामना

## हात्तीपाइले रोग रोकथामका उत्कृष्ट कार्यसम्पादन गरेवापत सम्मानित

आर्थिक बर्ष २०७९/८० को हात्तीपाइले रोग रोकथामका लागि आम औषधी सेवन कार्यक्रम सञ्चालन गरिएका जिल्लाहरूमा उत्कृष्ट कार्यसम्पादन गरेवापत स्वास्थ्य सेवा विभाग, ईपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, राष्ट्रिय हात्तीपाइले रोग निवारण कार्यक्रमको मुल्याङ्कन अनुसार यस बागलुङ जिल्लाका स्थानीय तहहरु मध्येबाट ढोरपाटन नगरपालिका छनौटमा परी उपप्रधान तथा स्वास्थ्य तथा जनसंख्या मन्त्री माननीय उपेन्द्र यादवज्युबाट नगरपालिकाका कार्यवाहक नगरप्रमुख श्री धन बहादुर कायतले सम्मान ग्रहण गर्नुभएको छ । गत बर्ष बागलुङ जिल्लाका सबै स्थानीय तहमा उत्साहपूर्ण सहभागिता तथा नवीनतम क्रियाकलापका सहित सफलताका साथ सम्पन्न यस कार्यक्रमले बागलुङ जिल्लामा हात्तीपाइले रोग नियन्त्रणका लागि ठूलो भुमिका खेलेको छ ।












बागलुङ जिल्लामा यस कार्यक्रमलाई सफल बनाउन भूमिका निर्वाह गर्नुहुने दशवटै स्थानीय तहका नेतृत्व, जनप्रतिनिधि, स्वास्थ्य शाखा तथा स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयं सेविका, सम्पूर्ण सरोकारवालाहरु तथा आम नागरिकप्रति आभार व्यक्त गर्न चाहन्छौं ।

## ग्रामीण स्वास्थ्यकर्मी सम्मेलनमा सम्मानित

Nick Simons Institute (NSI) द्वारा आयोजित १२ औं ग्रामीण स्वास्थ्यकर्मी सम्मेलनमा निक साइमन्स अवार्डबाट सम्मानित हुनुभएकोमा बागुलङ जिल्ला निसिखोला गाउँपालिकाको बोहोरागाउँ स्वास्थ्य चौकीमा कार्यरत सि.अ.हे.व. कसिन्द्र शाहीज्यूलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं।

यो सम्मानले दुर्गम क्षेत्रमा रहेर अहोरात्र स्वास्थ्य सेवा प्रदान गर्ने यहाँ लगायत सबै स्वास्थ्यकर्मीलाई अझै हौसला मिलिरहोस्।




## क्षयरोग कार्यक्रममा उत्कृष्ठ कार्य गरेबापत सम्मानित

हो ! हामी क्षयरोग अन्त गर्छौं भन्ने मुल नाराका साथ विश्व क्षयरोग दिवस 2024को अवसरमा गण्डकी प्रदेश सरकार, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, क्षयरोग उपचार केन्द्र, पोखराले क्षयरोग कार्यक्रममा उत्कृष्ठ कार्य गर्ने स्वास्थ्यकर्मिहरुलाई सम्मान गर्ने क्रममा प्रदेश भरमा उत्कृष्ट कार्य गरेबापत बागलुङ जिल्ला बडिगाड गाउँपालिका स्वास्थ्य शाखा प्रमुख, जनस्वास्थ्य निरिक्षक श्री विपेन्द्र केसी सम्मानित हुनुभएकोमा हार्दिक बधाई तथा शुभकामना ज्ञापन गर्दछौं।

यो सम्मानले यहाँ लगायत सबै स्वास्थ्यकर्मीलाई स्वास्थ्य क्षेत्रमा हौसला सहित कार्य गर्नमा अझ उर्जा मिलोस् ।



Gandaki Province Government
Ministry of Social Development and Health
Tuberculosis Treatment Centre
Pokhara, Nepal
Confers
Letter of Appreciation 2024
To
Mr. Bipendra K.C (Public Health Inspector)
Badigad Rural Municipality, Baglung
On the occasion of World Tuberculosis Day (24th March)
for
Having demonstrated outstanding dedication and exceptional implementation of key activities under the Tuberculosis Free Initiative of Gandaki province.

Dr Ramesh Prasad Acharya, A. Director, Tuberculosis Treatment Centre
Hemanta Sharma Poudel, A. Director General, Health Directorate
Dr Binod Bindu Sharma, Secretary, Ministry of Social Development and Health



## जिल्ला स्तरीय अर्ध-वार्षिक समीक्षा आ.व.२०८०/८१ कार्यक्रम सम्पन्न

बागलुङ जिल्लामा स्वास्थ्य कार्यक्रमहरुको जिल्ला स्तरीय अर्ध-वार्षिक समीक्षा आ.व.२०८०/८१ कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रमको अध्यक्षता स्वाास्थ्य कार्यालय बागलुङका प्रमुख, जन स्वा. प्र. बाबुराम आचार्यले गर्नुभएको थियो, प्रमुख अतिथिको रुपमा बागलुङ नगरपालिकाका नगर प्रमुख बसन्त कुमार श्रेष्ठ, बिशेष अतिथिमा स्वास्थ्य निर्देशनालयका महानिर्देशक खिम बहादुर खड्का, अतिथिमा धौलागिरी अस्पातालका प्रमुख मे.सु. डा. रविरञ्जन प्रधान, धौलागिरी आर्युवेद औषाधालयका प्रमुख डा. सरद पन्थी र जिल्ला समन्वय अधिकारी श्री कृष्णराज गौतमले गर्नुभएकको थियो। कार्यक्रममा बागलुङ जिल्लाका १० स्थानीय तहका स्वास्थ्य शाखा प्रमुखहरुको उपस्थिति रहेको थियो। कार्यक्रममा सहजिकरण स्वास्थ्य निर्देशनालयका प्रविण भण्डारीले गर्नुभएको थियो । सो कार्यक्रममा स्वास्थ्य सेवा प्रवाहका विभिन्न सवालहरुमा छलफल भएको थियो । स्थानीय तह र स्वास्थ्य संस्था सम्मका स्वास्थ्य सूचकहरुको विश्लेषण गरी आगामी दिनमा थप गुणस्तरीय सेवा प्रवाहको लागि प्रतिवद्धता समेत रहेको थियो ।







## विश्व स्वास्थ्य दिवस २०२४ मनाईयो

मिति २०८०/१२/२५ ( 7th April 2024 ) का दिन "मेरो स्वास्थ्य,मेरो अधिकार" भन्ने मुल नाराका साथ ७६औं विश्व स्वास्थ्य दिवस बागलुङमा स्थित मानव सेवा आश्रममा रहेका व्यक्तिहरु वीच नसर्ने रोग स्क्रिनिङ तथा जेष्ठ नागरिक आरोग्य सेवा सन्चालन गरि मनाईएको छ। उक्त कार्यक्रममा ५३ जनाको स्वास्थ्य परिक्षण तथा स्क्रिनिङ गरिएको कार्यक्रममा स्वास्थ्य कार्यालयका प्रमुख जनस्वास्थ्य प्रशासक बाबुराम आचार्य, धौलागरि आयुर्वेद औषधालयका प्रमुख डा शरद पन्थी, कमल बिक्रम पौडेल, डिल्लि प्रसाद आचार्य, कमला थापा, मनोज भुषाल र स्टाफ नर्स जलिसा थापाको उपस्थितिमा ५३ जनाको स्वास्थ्य परिक्षण गरि औषधि वितरण, मधुमेह, रक्तचाप, क्षयरोग परिक्षणको लागि खकार संकलन तथा परामर्श सेवा दिईएको कार्यक्रमको संयोजन स्वास्थ्य कार्यालयका देव प्रकाश घिमिरेले गर्नु भएको थियो।





## परिवार नियोजनको स्थायी बन्ध्याकरण शिविर सम्पन्न

स्वास्थ्य कार्यलय बागलुङको आयोजना तथा सुनौलो परिवार नेपालको सहकार्यमा मिति २०८० चैत्र २० गते देखि चैत्र २२ गतेसम्म बुर्तिवाङ प्राथमिक स्वास्थ्य केन्द्र, गलकोट नगर अस्पताल र धौलागिरी अस्पताल बागलुङमा सन्चालन भएको परिवार नियोजनको स्थायी बन्ध्याकरण शिविरमा मिनिल्याप ८ र भ्यासेक्टोमी १५ गरि कुल २३ जना सेवाग्राहीले सेवा लिएका छन ।






## किटजन्य रोगहरूको अभिमुखिकरण/ अन्तरक्रिया कार्यक्रम सम्पन्न

मिति २०८०/१२/१३ गते स्वास्थ्य कार्यालय बागलुङको आयोजना, निसीखोला गाउँपालिका र राजकुट स्वास्थ्य चौकीको समन्वयमा किटजन्य रोगहरूको अभिमुखिकरण/ अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। राजकुट स्वास्थ्य चौकी अन्तर्गतका व्यावस्थापन समितिका पदाधिकारी, स्वास्थ्यकर्मी, म.स्वा.से लगायत २२ जनाको सहभागिता रहेको कार्यक्रमको स्वास्थ्य कार्यालय बागलुङका कार्यालय प्रमुख बाबुराम आचार्यको अध्यक्षतामा सम्पन्न भएको थियो। मन्तव्य निसीखोला गाउँपालिका स्वास्थ्य शाखाबाट जुनि घर्ती मगरले राखु भएको थियो। कार्यक्रमको सन्चालन स्वास्थ्य कार्यालय बागलुङकि ज.स्वा. नि. लक्ष्मी शर्माले गर्नु भएको थियो र ज.स्वा. नि. लक्ष्मी शर्मा, म. ई कमला थापाद्वारा कार्यक्रमको सहजिकरण भएको थियो ।







## VCAT अभिमुखिकरण कार्यक्रम सम्पन्न

मिति २०८०/१२/१२ र १३ गते स्वास्थ्य कार्यालय बागलुङको आयोजनामा २ दिने VCAT (Value Clarification and Attitude Transformation on Safe Abortion) अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ| जिल्लाका ३ स्थानीय तह अन्तर्गतका सुरक्षित गर्भपतन सेवाका सेवाप्रदायक, स्वास्थ्यकर्मि तथा पालिकाका स्वास्थ्य शाखामा कार्यरत MNH फोकल पर्सन, बिद्यालय

नर्सहरु तथा पत्रकार गरि २१ जना सहभागी रहेको अभिमुखिकरण कार्यक्रमको सहजिकरण स्वास्थ्य कार्यलय बागलुङ र पर्वतका प.हे.न.नि.सीमा कुँवर र सुमन शर्माद्वारा गरिएको थियो । स्वास्थ्य कार्यालय बागलुङका प्रमुख जनस्वास्थ्य प्रशासक बाबुराम आचार्यले कार्यक्रमका सम्बन्धमा मन्तब्य ब्यक्त पर्नु भएको थियो ।






## विश्व क्षयरोग दिवस मनाईयो


हो हामी क्षयरोग अन्त गर्छौं भन्ने नाराका साथ विश्व क्षयरोग दिवस २०२४ को अवसरमा स्वस्थ्य कार्यालय बागलुङले आयोजना गरेको पत्रकार अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।स्वास्थ्य कार्यालय प्रमुख, जनस्वास्थ्य प्रशासक बाबुराम आचार्यको अध्यक्षता प्रमुख अतिथि जिल्ला समन्वय समितिका प्रमुख तथा क्षयरोग मुक्त पालिका घोषणा जिल्ला समितिका संयोजक समन्वय प्रमुख अमर थापा र स्वागत तथा क्षयरोगको बारेमा विस्तृत प्रस्तुतिकरण क्षय कुष्ठ निरिक्षक देव प्रकाश घिमिरेले गर्नु भएको कार्यक्रममा सन्चारकर्मिहरुका जिज्ञासा माथि बावुराम आचार्य तथा वागलुङ नगरपालिका स्वास्थ्य शाखाका जन स्वास्थ्य अधिकृत राम प्रसाद खनाल धौलगिरि अस्पतालका नि प्र मे सु रेखा पौडेल सहजिकरण गर्नु भएको कार्यक्रमको सन्चालन तथ्याकं अधिकृत घनश्याम सापकोटाले गर्नु भएको थियो।





## खानेपानी परिक्षण कार्यक्रम सम्पन्न

यस महिना खानेपानी गुणस्तर निगरानीमा ढोरपाटन नगरपालिकाका २० वटा विभिन्न आयोजनाहरुको पानी परिक्षण गर्दा ८ वटा मुहानहरुको पानीमा कोलिफर्म देखिएको छ । खानेपानी प्रयोग गर्दा शुद्धिकरणका उपायहरु अपनाउनु हुन अनुरोध गर्दछौं ।





## न्युनतम सेवा मापदण्ड(MSS) मुल्यांकन कार्यक्रम

२०८० चैत्र महिनामा विभिन्न स्थानीय तहको आयोजना तथा स्वास्थ्य कार्यालय बागलुङको प्राविधिक सहयोगमा न्युनतम सेवा मापदण्ड(MSS) मुल्यांकन कार्यक्रम सञ्चालन भएका छन् । यस महिनाको मुल्याङ्कन सम्बन्धि विवरण निम्नानुसार रहेको छ ।

| सञ्चालित मिति | स्वास्थ्य संस्था | प्राप्ताङ्क प्रतिशतमा | पहिचान भएका समस्याहरु |
|---|---|---|---|
| २०८०।१२।१२ | ताराखोला स्वास्थ्य चौकी | ७९ | गुणस्तर निर्धारण, क्लिनिकल र सहयोग व्यवस्थापनमा |
| २०८०।१२।१३ | हिल स्वास्थ्य चौकी | ७८ | गुणस्तर निर्धारण, क्लिनिकल र सहयोग व्यवस्थापनमा |






# २०८० चैत्र महिनामा स्थानीय तहले सम्पन्न गरेका कार्यक्रमहरु

## गलकोट नगरपालिका

• क्षयरोग मुक्त अभियान अन्तर्गत वडा नं १ देखि ५ सम्म वडा स्तरीय सूक्ष्म योजना गोष्ठी सम्पन्न साथै जोखिम समुहमा क्षयरोगको स्क्रिनिङको सुरूवात गरिएको ।

• ५ बर्ष मुनिका सबै बालबालिकाहरूको पोषण लेखाजोखा अभियान

• पूर्ण खोप वडा घोषणााका लागि घरधुरी सर्वेक्षण

• विश्व स्वास्थ्य दिवसको अवसरमा मैत्रीपूर्ण फुटबल र स्वास्थ्य शिविर सम्पन्न

• गलकोट नगर अस्पतालमा TFT, HbA1c, Vitamin D3, B12, sodium, Potassium लगायतको परीक्षण हुने गरि आधुनिक प्रयोगशालाको स्थापना साथै शल्यक्रिया कक्षको निर्माण सम्पन्न ।

## बागलुङ नगरपालिका

• खोपको एकीकृत घरधुरी सर्बेक्षण

• नियमित तथ्यांक गुणस्तर मापन

• सकृय क्षयरोग खोजपड्ताल

• बिश्व क्षयरोग दिबस २०२४

• बिश्व स्वास्थ्य दिबश

• पारिवार स्वास्थ्य प्रोफाइल

## ताराखोला गाउँपालिका

• आमा समूह, स्वास्थ्य संस्था र पालिका स्तरिय मासिक समिक्षा बैठक सम्पन्न

• हिल स्वास्थ्य चौकी र ताराखोला स्वास्थ्य चौकीमा MSS लेखाजोखा सम्पन्न गरिएको

• IMNCI को पालिका स्तरिय समिक्षा तथा ताराखोला, अर्गल, हिल र अमरभूमि स्वास्थ्य एकाईमा स्थलगत प्रशिक्षण सम्पन गरियो

• RUSG सबै स्वास्थ्य संस्थामा सम्पन्न भएको

• वडा ४ को दुर्गम वस्ती नागवेली खोलामा गाउँघर तथा खोप क्लिनिक सामुदायिक भवन निर्माण सम्पन्न गरिएको।

• एम्बुलेन्सलाई ख वर्गमा स्तरोन्नति गरिएको।

## काठेखोला गाउँपालिका

• स्वास्थ्य चौकी संचालन तथा व्यवस्थापन समितिको क्षमता अभिवृद्धि तालिम कार्यक्रम संचालन गरिएको (रेश स्वास्थ्य चौकी)

• मासिक समिक्षा संचालन गरि स्वास्थ्य कार्यक्रमहरुको समिक्षा गरिएको

• IMNCI समिक्षा कार्यक्रम गरिएको

• विश्व स्वास्थ्य दिवस, विश्व स्वास्थ्य दिवसलाई विभिन्न कार्यक्रम गरि मनाइएको(क्षयरोगको स्क्रिनिङ, सामान्य स्वास्थ्य परिक्षण, स्वास्थ्य शिक्षा र जेष्ठ नागरिकहरुको स्वास्थ्य परिक्षण लगायत)

• ग्रामिण भिडियो एक्सरे कार्यक्रम बिहुँ आ स्वा से केन्द्रमा संचालन गरिएको

• क र ख वर्गका अपागंता परिचय पत्र प्राप्त गरेका व्यक्तिहरुको घरमा नै पुगि चिकित्सकद्वारा स्वास्थ्य परिक्षण सहित अनुगमन गरिएको

## निसीखोला गाउँपालिका

• मासिक समिक्षा बैठक सम्पन्न

• बिश्व स्वस्थ्य दिवस मनाएको

• MSS कार्यक्रम सप्पन्न

• स्वास्थ्य संस्था संचालन तथा ब्यवस्थापन समितिको तालिम

• परिवार स्वास्थ्य प्रोफाइल

## ढोरपाटन नगरपालिका

• आमा समूह, स्वास्थ्य संस्था र पालिका स्तरिय मासिक

• समिक्षा बैठक सम्पन्

• RUSG ग्रामिण भिडियो एक्सरे

• बिश्व स्वास्थ्य दिवस

• क्षयरोग खोजपडाल

• विधालय स्वास्थ्य शिक्षा

## बडिगाड गाउँपालिका

- २०८० फागुन महिनाको स्वास्थ्य संस्थाहरुको पालिका स्तरीय मासिक समिक्षा बैठक सम्पन्न । माशिक समिक्षा बैठकमा विभिन्न सुचकका आधारमा जलजला स्वास्थ्य चौकी प्रथम भई पुरस्कृत
- वडा न. १ , २ र ६ मा क्षयरोग मुक्त अभियानको वडा स्तरीय शुक्ष्म योजना तर्जुमा गोष्ठी संचालन
- ग्रामिण स्वास्थ्य सुधार परियोजना ( BYC baglung ) को प्राविधिक सहयोगमा सिसाखानी स्वास्थ्य चौकीमा CHSB कार्यक्रम संचालन
- विश्व स्वास्थ्य दिवशको अवसरमा बृहत निशुल्क विशेषज्ञ स्वास्थ्य शिविर संचालन
- विश्व क्षयरोग दिवशमा क्षयरोगका बिरामीसँग अन्तकृया साथै जोखिम समुहहरुको खकार परिक्षण

## बरेङ गाउँपालिका

- किशोर किशोरी मैत्री स्वास्थ्य सेवा प्रवाह सम्बन्धी बाटाकाचौर स्वास्थ्यचौकीमा अभिमुखीकरण
- बाटाकाचौर स्वास्थ्यचौकीमा क्षयरोग कार्यक्रमको स्थलगत अनुशिक्षण र एकीकृत सुपरिवेक्षण
- वडा नम्बर २ र ३ मा जेष्ठ नागरिक घर दैलो स्वास्थ्य परिक्षण तथा उपचार
- पुर्ण खोप सुनिश्चितता दिगोपनाको लागि सबै वडा खोप समन्वय समितिबाट प्रमाणिकरण
- बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत पिषण विशेष र पोषण संवेदनशील तर्फको बजेट बाँडफाँड र कार्यान्वयन मापदण्ड स्वीकृत





## तमानखोला गाउँपालिका

- लाम्मेला आधारभूत स्वास्थ्य सेवा केन्द्रमा एकिकृत डाटा मोनिटोरिङ तथा मासिक समिक्षा
- उत्तर प्रसुति घरभेट कार्यक्रमको समिक्षा तथा योजना गोष्ठी
- नियमित खोप सुदृढीकरण तथा पूर्णखोप सुनिश्चतताको लागि स्वास्थ्यकर्मीहरु द्वारा लाइनलिस्टिङ
- तमान स्वास्थ्य चौकीमा फेयरमेड फाउण्डेसन तथा विवाईसि बागलुङको सहयोगमा गुणस्तरीय स्वास्थका लागि आफ्नै पहल (साथ) कार्यक्रमको अभिमुखिकरण
- फेयरमेड फाउण्डेसन तथा विवाईसी बागलुङको सहयोगमा सातवटै स्वास्थ्य संस्थाका कार्यालय सहयोगीहरुलाई सङ्क्रमण रोकथाम सम्बन्धी २ दिने तालिम ।

## जैमिनी नगरपालिका

- खाने नुनमा आयोडिनको मात्रा जॉच गर्न महिला सामुदायीक स्वास्थ्य स्वयंम सेविकाको लागि अभिमुखिकरण नेपाने शहरी स्वा.केन्द्र
- बिनामारे स्वास्थ्य चौकीमा स्वास्थ्य संस्था संचालन तथा ब्यबस्थापन समितिको लागि ३ दिन तालिम फेयर मेड बि वाई सि को सहयोग तथा स्वास्थ्य शाखाको आयोजनामा संचालन
- दमेक र छिस्ति स्वास्थ्य चौकी मा ग्रमिण भिडियो एक्सरे सेवा
- गर्भवती सुत्केरी र उनका स्याहारकर्ता हरूको लागि ३ दिनको बहुक्षेत्रीय पोषण सम्बन्धि तीलिम छिस्ती,जैदी अर्जेवा,बिनामारेमा संचालन
- जैमिनी १० मा आँखा शिविर संचालन



# धौलागिरी अस्पताल बागलुङको सेवा प्रवाह सम्बन्धि महत्त्वपूर्ण सूचना

यस अस्पतालमा हेरक **आइतवार र विहिवार** विशेषज्ञद्वारा हात्तिपाइले रोगको रोकथाम तथा जाँच र उपचार गरिन्छ । यदि शरिरको कुनै भाग सुन्नियको छ भने जस्तै हात, खुट्टा, जननेन्द्रिय, स्तन सुन्नियको छ भने कतै तपाईलाई हात्तिपाइले रोग छ की ? त्यसैले समयमा अस्पताल आई मौकाको फाइदा लिनुहोस ।

यस अस्पतालमा हरेक **आइतवार देखि शुक्रवार** सम्म सन्तानको रहर पुगिसकेकका दम्पत्तिहरुले विशेषज्ञ चिकित्सकहरुद्वारा स्थायी परिवार नियोजनको सेवा  महिलाहरुको लागि मिनिल्याप र पुरुषहरुको लागि भ्यासेक्टोमी अप्रेशन गरिन्छ । समयमा परिवार नियोजन गरि मौकाको फाइदा लिनुहोस ।

अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्रद्वारा लैगिक हिंसा पिडितहरुको लागि निशुल्क स्वास्थ्य उपचार, मनोसामाजिक परामर्श, यातायात सुविधा र प्रेषण गर्नुको साथै प्रहरी सेवा, कानूनी उपचार, पुनस्थापना र आश्रयको लागि समन्वय गरिन्छ । त्यसैले हिंसा नगरौ र हिंसा सहेर पनि नवसौ । हिंसा पिडितलाई धौलागिरी अस्पतालमा आउन र ल्याउनको लागि सवै जनाले सहयोग गरौं ।

**इमेलः** baglungdho@gmail.com **वेभसाइटः** hobaglung.gandaki.gov.np **फेसबुकः** https://www.facebook.com/dpho.baglung **फोन नं.:** ०६८-५२२४०८